# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, २०७३

## करारमा सेवा लिने सम्बन्धी सूचना
(प्रथम पटक सुचना प्रकाशित मिति : २०७६/१०/०६)

फिदिम नगरपालिकाको लागी प्राविधिक शाखा तथा वडा कार्यालयमा मा रहने गरी सव इन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर, फिदिम नगरपालिकाको कार्यालय अन्तर्गत कम्प्युटर शाखामा रहने गरी कम्प्युटर अपरेटर तथा स्वास्थ्य चौकीमा रहने गरी हे.ई. समूहको हेल्थ असिष्टेन्ट र अ.हे.व. पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फारम कार्यालयबाट वा वेभसाईट www.phidimmun.gov.np बाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद | तह | मागसंख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|
| ०५।०७६।७७ | सव इन्जिनियर | सहायक पाँचौ | दुई (२) जना | नगरपालिकाको आवश्यकताबमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गतका विभिन्न उपशाखा वा वडा कार्यालयहरुमा |
| ०६।०७६।७७ | असिष्टेन्ट सव इन्जिनियर | सहायक चौँथो | एक(१) जना | नगरपालिकाको आवश्यकताबमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गतका विभिन्न उपशाखा वा वडा कार्यालयहरुमा |
| ०७।०७६।७७ | हेल्थ असिष्टेन्ट | सहायक पाँचौ | तीन(३) जना | चोकमागु स्वास्थ्य चौकी, सिवा स्वास्थ्य चौकी र काफलबोटे स्वास्थ्य चौकीमध्ये कुनै एकमा कार्यालयले खटाएअनुसार |
| ०८।०७६।७७ | अ.हे.व. | सहायक चौँथो | दुई (२)जना | नागिन स्वास्थ्य चौकी, चोकमागु स्वास्थ्य चौकीमध्ये कुनै एकमा कार्यालयले खटाएअनुसार |
| ०९।०७६।७७ | कम्प्युटर अपरेटर | सहायक पाँचौ | एक(१) जना | फिदिम नगरपालिकाको कार्यालयमा |

## २.योग्यता
क) नेपाली नागरिक ।

ख)पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्छ ।

ग) सव इन्जिनियरको लागी न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सोसरह उतीर्ण ।

घ) असिष्टेन्ट सव इन्जिनियरको लागी न्युनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सोसरह उतीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी उतीर्ण ।

ङ) हेल्थ असिष्टेन्ट र अ.हे.व.को लागी न्युनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमशः हेल्थ असिष्टेन्ट र अ.हे.व. कोर्स उतीर्ण भएको हुनुपर्छ ।

च) कम्प्युटर अपरेटरको लागी न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी वज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको हुनुपर्छ ।

छ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

**३.करार अवधि:** २०७७ असार मसान्तसम्म (नवीकरण हुन सक्ने)

**४.तलब:** नेपाल सरकारको नियमानुसार ।

**५.आवेदन दस्तुर:**

क)सव इन्जिनियर , हेल्थ असिष्टेन्ट र कम्प्युटर अपरेटरको लागी प्रत्येकको रु. सातसय (रु.७००।००) मात्र ।

ख)असिष्टेन्ट सव इन्जिनियर र अ.हे.व. को लागी प्रत्येकको रु. तीनसय (रु.३००।००) मात्र ।

**६. दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, तालिम आवश्यक हुने पदमा तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ,अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भए प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**७.परिक्षाको किसिम**

क)लिखित तथा अन्तरवार्ता

(लिखित परिक्षाको मिति दरखास्त बुझाउने अन्तिम दिन यस कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ)

**८.सेवाका शर्तहरु:**

क) विज्ञापन गरिएको पदसँग सम्बन्धित कर्मचारी समायोजन भई आएको खण्डमा स्वत: करार भंग हुनेछ ।

ख) कर्मचारी छनौट गर्ने र नगर्ने सम्पूर्ण अधिकार फिदिम नगरपालिकामा निहित हुनेछ ।

घ) मासिक एक(१) दिन घरबिदा दिन सकिनेछ । तर उक्त बिदा सञ्चित गर्न पाईनेछैन ।

*अन्य कुराहरु फिदिम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७६ बमोजिम हुनेछ र थप जानकारीका लागी कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।*

परीक्षाको पाठ्यक्रम :- लोक सेवा आयोगबाट सोही तह करारको पदलाई निर्धारित गरिएको पाठ्यक्रम नै सम्बन्धित पदको पाठ्यक्रम हुनेछ।